नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

**रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १२ स्थित सोनी ज्वेलर्स (स्था.ले.नं. ३०४७१०५४२) को प्रोपराइटर तथा सोनी गोल्ड एण्ड सिल्भर प्रा.लि. (स्था.ले.नं. ६०४३८७१८१) को मुख्य संचालक सुनिल सुनारको नाममा नेपाली नागरिकताको प्रमाणपत्र समेत लिएका भारतीय नागरिक सुनिल सोनी (सुनिल सुनार) र रुपन्देही जिल्ला, सिद्धार्थ नगर नगरपालिका वडा नं. ६ वस्ने मतियार अमित परियारबाट सुन चाँदीको भन्सार चोरी पैठारी तथा निकासी गरी राजस्व चुहावट गरेको कसुरमा रु. २,३९,५५,१५,९४३।- (अक्षरेपी दुई अर्व उन्नचालिस करोड पचपन्न लाख पन्ध्र हजार नौ सय त्रिचालिस रुपैया) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-०६-२६ गते उच्च अदालत तुल्सीपुर, वुटवलमा मुद्दा दर्ता गरिएको ।**

विशेष सुचनाका आधारमा राजस्व अनुसन्धान कार्यालय वुटवलबाट खटिएको टोलिले बुटबल उपमहानगरपालिका, वडा नं. -११, स्थित चौराहाबाट सुनिल सुनार (सुनिल सोनी)को कार भित्र बोरामा लुकाई छिपाई राखेको नगद र निजको साथमा रहेको मोबाईल समेत मिति २०७७-०३-३० मा बरामद गरी निजलाई पक्राउ गरी विस्तृत अनुसन्धान गरिएको ।

सोनी ज्वेलर्सका प्रोपराइटर तथा सोनी गोल्ड एण्ड सिल्भर प्रा.लि.का मुख्य संचालक भारतीय नागरिक सुनिल सुनार भनिने सुनिल सोनीले सुन चाँदीको अवैध आयात निर्यात तथा विक्री कारोवार गर्ने गरेको तथा मोवाइलको माध्यमबाट विभिन्न व्यक्तिहरुसग कारोबार गर्ने गरेको, कारोवार स्थलबाट वरामद गरिएका वैक दाखिला भौचर बैंक स्टेटमेन्ट र मोवाइलबाट प्राप्त वैक भौचरका आधारमा विभिन्न व्यक्तिलाई रकम भुक्तानी दिएको लगायतका प्रमाणबाट निजले वैक तथा भन्सार विन्दु वाहेक अन्य बाटोबाट सुन चाँदी चोरी पैठारी गरी अवैध रुपमा विक्री गर्ने, सोबाट प्राप्त रकमलाई नेपाली तथा विदेशी मुद्रामा परिणत गरी विभिन्न व्यक्तिहरुलाई भुक्तानी लिने र दिने गरेकोले अवैध सुन चाँदीको चोरी पैठारी निकासी गरी कारोवार गरेको पुष्टी हुन आएको हुँदा निज प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४(क) र (ग) बमोजिम राजस्व चुहावटको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो सशोधन) ऐन २०५२ को दफा ४ को खण्ड (क), (ख), (ज), र (झ) बमोजिम कसुर गरी सोनी ज्वेलर्स र सोनी गोल्ड एण्ड सिल्भर प्रा.लि. र मुख्य कारोबारी

सुनिल सुनार (सुनिल सोनी) समेतले भन्सार चोरी निकासी पैठारी तर्फ **२,२३,१३,३८,८७०।-** र आयकर तर्फ रु. **१६,४१,७७,०७३।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **कूल जम्मा विगो रु. २,३९,५५,१५,९४३।- (अक्षरेपी दुई अर्व उन्नचालिस करोड पचपन्न लाख पन्ध्र हजार नौ सय त्रिचालिस रुपैया)** कायम गरी सोनी ज्वेलर्स का प्रोपराइटर तथा सोनी गोल्ड एण्ड सिल्भर प्रा.लि.का मुख्य संचालक भारतीय नागरिक **सुनिल सुनार (सुनिल सोनी) र मतियार अमित परियार**लाई उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो सशोधन) ऐन २०५२ को दफा २३(१) बमोजिम निजहरुबाट विगो असुल गरी सोही ऐनको दफा २३(१) र २३(१)(घ) बमोजिम हैदसम्मको जरिवाना तथा कैद सजाय हुन मागदावी लिई मिति २०७७-०६-२६ गते उच्च अदालत तुल्सीपुर, वुटवल इजलासमा मुद्दा दर्ता गरिएको ।



**सोनी ज्वेलर्सका प्रोपराइटर तथा सोनी गोल्ड एण्ड सिल्भर प्रा.लि.का मुख्य संचालक भारतीय नागरिक सुनिल सोनी (सुनिल सुनार)**

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग